फोन नं. ०८१ ५२०२३०
ईमेल : bakdfo@dof.gov.np

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मंत्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, बाँके

प्रदेश नं. ५

## बोलपत्र आव्हानको सूचना

(प्रभाव दैनिकमा प्रथम पटक प्रकाशित मिति : २०७६।८।२२ गते)

यस कार्यालयको आ.व. ०७६/०७७ को पर्यटन विकास तथा प्रवर्द्धन कार्यक्रम तर्फको वनस्पती उद्यान निर्माण कार्य नेपालगन्ज उप महानगरपालीका वडा २० स्थित पशुपतिनगर सामुदायिक वनमा ठेक्काको प्रक्रियावाट गराउनु पर्ने भएकोले इच्छुक फर्म, व्यवसायी वा कम्पनीहरुहरु वाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्वकको बोलपत्र आव्हान गरिएको छ ।

शर्तहरु:-

१. अद्यावधिक नविकरण गरेको ईजाजतपत्र, स्थायी लेखा नम्वर प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, आ.व.०७५/०७६ सम्मको आयकर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र निवेदन सहित तोकिएको बोलपत्र दस्तुर तिरी (पछि फिर्ता नहुने) यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्र बोलपत्रदाताले सार्वजनिक अनुगमन कार्यालयको website **www.bolpatra.gov.np** बाट ठेक्काको लागि **download** तथा **upload** गर्न सक्ने व्यवस्था गरिएको छ । बोलपत्र साथ राष्ट्रिय वाणिज्य बैंकमा रहेको डिभिजन वन कार्यालय बाँकेको राजस्व खाता नं. १-१-००१, कार्यालयको कोड नं. ३०७०२५७०१५ र राजस्व शिर्षक नं. १४२२९ मा बोलपत्र दस्तुर दाखिला गरेको राजस्व भौचरलाई बोलपत्र कागजात साथ **upload** गर्नु पर्नेछ । **Hard copy** प्रयोगमा ल्याईने छैन ।

२. दर्ता भएका बोलपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औ दिन दिनको १४:०० बजे कार्यालयका प्रतिनिधि तथा बोलपत्रदाताको रोहवरमा खोलिने छ ।

३. बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने र खोल्ने दिन विदा पर्न गएमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनको सोही समयलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ ।

४. बोलपत्र फाराम साथ जमानत वापत तोकिएको रकम राष्ट्रिय वाणिज्य बैंक, धम्वोजी शाखा स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा रहेको प्रदेश धरौटी खाता नं. ४१३०५०२००००००० मा जम्मा गरि सक्कलै बैंक भौचर वा नेपाल सरकार बाट विडवण्ड जारी गर्न सक्ने ईजाजत प्राप्त बैंकहरु बाट बोलपत्र दाखिला गर्ने अन्तिम मिति बाट कम्तीमा १२० औं दिन म्याद भएको विडवण्डको **Scan copy** संलग्न गर्नु पर्नेछ ।

५. बोलपत्रमा आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउंमा बोलपत्रदाताको सहि छाप भएको हुनु पर्नेछ ।

७. कार्यालयको हितलाई ध्यानमा राखी कुनै कारण जनाई वा नजनाई बोलपत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

८. शर्त रहेको, रित नपुगेको तथा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

९. यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित कानून बमोजिम हुनेछ । बोलपत्र सम्वन्धी थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

### बोलपत्र सम्बन्धि कार्यको विवरण

| सि.नं. | ठेक्का नं. | कामको विवरण | रकम रु. (भ्याट, कन्टेन्जेन्सी बाहेक) | धरौटी रकम रु | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | DFO/NCB/W3/076/077 | वनस्पती उद्यान निर्माण कार्य | ८४,७४,२७५.०३ | २,३०,०००.०० | ३,०००.०० |

२०७६।८।२८

मोहन प्रसाद श्रेष्ठ
डिभिजनल वन अधिकृत